पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ।

नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय
EX: पो.ब.नं. :३९८७
सिंहदरबार, काठमाण्डौ

कर्मचारी प्रशासन शाखा

पत्र संख्या :-
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-

मिति: २०८०/०९/०२

## आवेदन दिने सम्बन्धी सूचना !

त्रिभुवन विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरुमा शैक्षिक सत्र २०८०/०८४ मा B.Sc. Forestry विषय अध्ययनका लागि आवेदन सम्बन्धी पत्र प्राप्त हुन आएकोले संलग्न पत्र/सूचनाका आधारमा मिति २०८०/०९/०९ गते भित्र इच्छुक र योग्यता पुगेका उम्मेदवारहरुले आफू कार्यरत कार्यालय मार्फत यस मन्त्रालयमा आवेदन गर्नु हुन आदेशानुसार सूचित गरिन्छ।

09/02

(न्युटन लम्साल)
शाखा अधिकृत

फोन नं. :-४२११७०३, ४२११७३७, ४२११५९९, ४२११८६४ फ्याक्स नं. :- ४२११८६८

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(जनशक्ति योजना तथा बिकास शाखा)

फोन { ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:- ८०/८१
चलानी नं.:- ३१९

मिति: २०८०/०८/२९

विषय:- निर्णय सम्वन्धमा ।

श्री वन तथा वातावरण मन्त्रालय,
सिहदरवार, काठमाडौं ।

तहाँ मन्त्रालयको पत्र संख्या पत्र संख्या क.प्र./२०/१८/०८०/८१ नं. ७२०, मिति: २०८०/०८/२५ र च. नं. ७२१, मिति: २०८०/०८/२६ को पत्र सम्वन्धमा निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४०ख को उपदफा (३) बमोजिम गठित समितिको मिति २०८०/०८/२८ गते बसेको ३७९ औं बैठकबाट तपसिल बमोजिम निर्णय भएको व्यहोरा अनुरोध छ ।

तपसिल:

| क्र. सं. | प्राप्त पत्रको च.नं र मिति | अध्ययन/तालिम / अध्ययन भ्रमणको विषय | सिट संख्या | अध्ययन/तालिम/ अध्ययन भ्रमण | शैक्षिक सत्र | कार्यक्रम हुने देश/विश्वविद्यालय | छात्रवृत्ति वितरण गर्ने प्रस्तावित निकाय र निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| १. | प.सं. क.प्र./२०/१८/०८०/८१ नं. ७२०, मिति: २०८०/०८/२५ र च. नं. ७२१, मिति: २०८०/०८/२६ | B.Sc.(Forestry) | ९(नौ) पोखरा क्याम्पस- ४ (चार) हेटौंडा क्याम्पस- ५(पाँच) | अध्ययन | शैक्षिक सत्र २०८०/८१ (४ वर्ष) | नेपाल/ त्रिभुवन विश्वविद्यालय, वन विज्ञान अध्ययन संस्थान वा अन्तर्गत | वन तथा वातावरण मन्त्रालयले सम्वन्धित सेवा/समूहका कर्मचारी मनोनयन गर्न स्वीकृति प्रदान गर्ने । |

(सागर के.सी.)
शाखा अधिकृत

# वन विज्ञान अध्ययन संस्थान

## डीनको कार्यालय

कीर्तिपुर, काठमाडौं, नेपाल

च.नं. : ३८०/०८०/०८१

मिति २०८०/०८/२२

## विभागिय सिटमा भर्नाको लागि मनोनयन सम्वन्धि सूचना।

त्रिभुवन विश्वविद्यालय, वन विज्ञान अध्ययन संस्थान अन्तर्गत शैक्षिक सत्र २०८०/०८४ को लागि आंगिक तथा सम्वन्धन प्राप्त क्याम्पसहरुमा स्नातक तह (वन विज्ञान) अध्ययन गर्न मिति २०८०/०८/०९ गते लिइएको प्रवेश परीक्षामा उतिर्ण परीक्षार्थीहरु मध्येवाट मिति २०८०/०४/३१ को भर्ना सम्बन्धी सूचना अनुसारको लागी मिति २०८०/०८/०९ गते प्रकाशन गरिएको उतिर्ण सूची मध्येवाट विभागिय सिटमा भर्ना हुन चाहने सम्वन्धित परीक्षार्थीहरुले यही मंशिर मसान्तभित्र नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयवाट मनोनयन गरिएको पत्र सहित मिति २०८०/०८/२९ गतेभित्र यस अध्ययन संस्थानमा भर्ना हुन आउनको लागि जानकारी गराइन्छ। विविध कारणवश मनोनयन ढिला हुने भएमा मनोनयनका लागि प्रकृयामा रहेका उत्तिर्ण परीक्षार्थीहरुले मनोनयनको अवस्था वारे प्रष्ट खुलाई यस अध्ययन संस्थानको डीनको कार्यलयमा निवेदन दिनु होला। अन्यथा वैकल्पीक सूचीमा रहेका परीक्षार्थीहरुवाट भर्ना प्रकृया अगाडी वढाइने व्यहोरा समेत सम्वन्धित सवै सरोकारवालाहरुको लागि सूचीत गरिन्छ।

...................................

प्रा. डा. वीर वहादुर खनाल क्षेत्री
डीन

वोधार्थ :

श्री नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, काठमाडौ :- *त्रिभुवन विश्वविद्यालय, वन विज्ञान अध्ययन संस्थान, डीनको कार्यलयवाट मिति २०८०/०८/१२ गते र मिति २०८०/०८/२० गतेको पत्र मार्फत विभागिय सिटमा भर्ना हुने परीक्षार्थीहरुको नामावली मनोनयनको लागि त्यस मन्त्रालयमा पठाइ सकिएकोले यही मंशिर मसान्तभित्र उतिर्ण परीक्षार्थीहरु मध्येवाट मनोनयन सूची उपलब्ध गराइ दिनु हुन पुनः स्मरण गराइन्छ।*

श्री वन विज्ञान अध्ययन संस्थान, पोखरा क्याम्पस पोखरा।
श्री वन विज्ञान अध्ययन संस्थान, हेटौंडा क्याम्पस हेटौंडा।

डीनको कार्यालय : कीर्तिपुर, काठमाडौं, फोन/फ्याक्स : [illegible]